नगर शिक्षण सिकाइ उत्प्रेरक (Teaching Learning Motivator-TLM) व्यवस्थापन कार्यविधि, २०७७

सप्तकोशी नगरपालिका

फत्तेपुर, सप्तरी

प्रदेश नं.२ नेपाल

नगर शिक्षण सिकाइ उत्प्रेरक (Teaching Learning Motivator-TLM) व्यवस्थापन कार्यविधि, २०७७

प्रस्तावनाः सप्तकोशी नगरपालिका क्षेत्रभित्र अनुमति तथा स्वीकृत प्राप्त सञ्चालित सामुदायिक विद्यालयमा आधारभूत तह र माध्यमिक तहमा न्यून शिक्षक दरबन्दी रहेका विद्यालयहरुको शिक्षण सिकाइ कार्यमा सुधार गरी विद्यालय शिक्षाको पाठ्यक्रम अनुरुप विद्यार्थीको सिकाइ उपलब्धी हासिल गर्न तथा गुणस्तरीय शिक्षाको प्रत्याभूति प्रदान गर्न बाञ्छनीय भएकोले सप्तकोशी नगरपालिकाको शिक्षा ऐन २०७७ को दफा ४७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी यो शिक्षण सिकाइ उत्प्रेरक व्यवस्थापन कार्यविधि, २०७७ जारी गरिएको हो ।

परिच्छेद- १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) योकार्यविधिको नाम शिक्षण सिकाइ उत्प्रेरक (Teaching Learning Motivator-TLM) व्यवस्थापन कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"नगरपालिका "भन्नाले सप्तकोशी नगरपालिका बुझ्नुपर्दछ ।

(ख) "विद्यालय शिक्षा" भन्नाले आधारभूत तह प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ तथा माध्यमिक तह कक्षा ९ देखि १२सम्मको दुवै शिक्षा सम्झनु पर्दछ ।

(ग)"सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार,प्रदेश सरकार र सप्तकोशी नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(घ)"संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार,प्रदेश सरकार र सप्तकोशी नगरपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ङ)विद्यालय व्यवस्थापन समिति भन्नाले शिक्षा ऐन,२०२८को दफा १२बमोजिम सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि गठन भएको सामुदायिक विद्यालयको व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च)"शिक्षण सिकाइ उत्प्रेरक" भन्नालेनगरपालिकाले सेवा करार संझौता गरी शिक्षण सिकाइ सहजिकरण कार्यमा खटाएको सहजकर्ता सम्झनु पर्छ ।

(छ)नगर शिक्षण सिकाइ उत्प्रेरक छनौट उपसमिति भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित उपसमिति सम्झनु पर्छ ।

(ज) बिषय विज्ञ भन्नाले सप्तकोशी नगरपालिकाले तोकेको सम्बन्धित विषयको विज्ञ बुझ्नु पर्छ ।

परिच्छेद- २

नगर शिक्षण सिकाइ उत्प्रेरक छनौंट उपसमिति गठनर काम कर्तव्य र अधिकार

३. नगर शिक्षण सिकाइ उत्प्रेरक छनौंट उपसमिति गठनः (१)नगरपालिकाले सामुदायिक विद्यालयमा शिक्षण सिकाइ कार्यमा सहजिकरण गर्न शिक्षण सिकाइ उत्प्रेरक छनौटका लागि देहाय बमोजिमको नगर शिक्षण सिकाइ उत्प्रेरक छनौट उपसमिति गठन गर्नेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत--------संयोजक

(ख नगरपालिकाले तोकेको सम्बन्धित विषयको विषय विज्ञ २ जना ---------------सदस्य

(ग) प्रशाशन शाखाको अधिकृत १ जना ---------------सदस्य

(घ)शिक्षा शाखाको प्रमुख---------------सदस्य सचिव

(२) उरोक्त अनुसार गठित नगर शिक्षण सिकाइ उत्प्रेरक छनौट उपसमितिको पदावधि २ बर्षको हुनेछ । सो उपसमितिले प्रचलित कानूनको अधीनमा रही छनौट सम्बन्धी अन्य कार्यविधि आफै बनाउने छ ।

(३) आधारभूत र माध्यमिक तहको शिक्षण सिकाइ उत्प्रेक छनौटको परीक्षा प्रणाली योजना र विषयगत लिखित परीक्षाको पाठ्यक्रम अनुसूची १ , २ र ३ मा उल्लेख भए बमोजिम हुनेछ।

४. नगर शिक्षण सिकाइ उत्प्रेरक छनौंट उपसमितिको काम कर्तव्य र अधिकारः

(१) नगर शिक्षण सिकाइ उत्प्रेरक छनौट उपसमितिको काम कर्तव्य र अधिकार प्रचलित कानून र अन्य कार्यविधिमा व्यवस्था भएको बाहेक देहायबमोजिम हुने छ ।

(क) आधारभूत तथा माध्यमिक तहको विषयगत शिक्षण सिकाइ उत्प्रेरकको छनौटका लागि विज्ञापन कम्तीमा १५ दिनको सार्वजनिक सूचना स्थानीय पत्रपत्रिकामा प्रकाशित गरी सोको जानकारी सम्बन्धित वडा कार्यालयमा समेत दिनु पर्नेछ ।

(ख)नगर शिक्षण सिकाइ उत्प्रेरकको खुला प्रतिस्पर्धात्मक लिखित ,मौखिक र प्रयोगात्मक व्यवहारकुशलसीप र कम्प्यूटर सीप परीक्षण परीक्षा सञ्चालन गरी सवै भन्दा बढी अंक प्राप्त गर्ने सर्वोत्कृष्ट योग्यतम उम्मेदवार छनौट गरी सम्बन्धित नगर शिक्षा समितिमासिफारिश गर्नुपर्ने छ ।(ग) सो समितिले नगर स्तरमा वैकल्पिक शिक्षा,किशोरी शिक्षातथा बीचमा पढाइ छोडेका विद्यार्थीका लागि थप सिकाइ प्रबर्ध्दन गर्न रेमिडियल सिकाइ लगायत नगरपालिकाबाटसञ्चालित सिकाइ सहजीकरण सहजकर्तासमेतको प्रचलित कानूनको अधीनमा रही छनौटसम्बन्धी कार्य गर्ने छ ।

५.नगर शिक्षण सिकाइ उत्प्रेरकको योग्यता:(१) शिक्षण सिकाइ उत्प्रेरकको देहायबमोजिको योग्यता हुनु पर्ने छ ।

(क) आधारभूत तहको शिक्षण सिकाइ सहायक उत्प्रेरक (Teaching Learning Motivator-TLM) का लागि आवश्यक योग्यताः

(१) नेपाली नागरिक
(२)सम्बन्धित विषयमा कम्तीमा प्रवीता प्रमाण पत्र तह वा १०+२ उतीर्ण गरेको
(३)आधारभूत तह वा नि.मा.तहको अध्यापन अनुमति पत्र भएको
(४) १८ बर्ष पूरा गरेको र ४० बर्ष ननाघेको
(५) प्रचलित कानूनले अयोग्य नभएको ।

(ख) माध्यमिक तहको शिक्षण सिकाइ उत्प्रेरक (Teaching Learning Motivator-TLM) का लागि आवश्यक योग्यताः

(१) नेपाली नागरिक
(२)सम्बन्धित विषयमा कम्तीमा स्नातक तह वा सो सरह उतीर्ण गरेको
(३)माध्यमिक तहको अध्यापन अनुमति पत्र भएको
(४) २१ बर्ष पूरा गरेको र ४० बर्ष ननाघेको
(५) प्रचलित कानूनले अयोग्य नभएको ।

(ख) माध्यमिक तह (कक्षा ११ र १२)को शिक्षण सिकाइ उत्प्रेरक (Teaching Learning Motivator-TLM) का लागि आवश्यक योग्यताः

(१) नेपाली नागरिक
(२)सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उतीर्ण गरेको
(३)माध्यमिक तहको अध्यापन अनुमति पत्र भएको
(४) २१ बर्ष पूरा गरेको र ४० बर्ष ननाघेको
(५) प्रचलित कानूनले अयोग्य नभएको ।

परिच्छेद- ३

नगर शिक्षण सिकाइ उत्प्रेरकको काम कर्तव्य र अधिकार

६. नगर शिक्षणसिकाइउत्प्रेरकको कामकर्तव्यरअधिकार :(१)शिक्षण सिकाइ उत्प्रेरकको प्रचलित कानूनमा व्यवस्था भएको अतिरिक्त देहायबमोजिमको काम,कर्तव्य र अधिकार हुने छः

(क)नगरपालिकाले तोकी खटाएको विद्यालय वा कार्यालयमा नियमित उपस्थित हुने र नगरपालिकाको मातहतमा रही तोकिएको कक्षा र विषयको सिकाइ सहजीकरण गर्नु पर्ने छ ।

(ख)प्रचलित कानूनको परिधिभित्र रही नगरपालिकाले तोकेको जिम्मेवारी वहन गर्ने र सम्बन्धित विषयको सिकाइ सहजीकरण कार्य सहजकर्ताको रुपमा गर्नु पर्ने छ ।

(ग) सहजीकरण गर्नुपर्ने कक्षाको पूर्व तयारी पाठयोजना निर्माण गरी सो अनुरुप सिकाइ सहजिकरण गर्ने तथा सो दैनिक सिकाइ योजनाको मासिक प्रतिवेदनसहित नगरपालिकाको शिक्षा शाखामा पठाउनु पर्नेछ ।

(घ) विद्यार्थीको वालमनोविज्ञान तथा सिकाइस्तर पहिचान गरी विद्यार्थीको सिकाइस्तर सुधार गर्नका लागि सम्बन्धित विषय शिक्षक तथा प्रअसँग समन्वय र सहकार्य गर्नु पर्ने छ ।

(ङ)विद्यार्थीको सप्ताहिक मूल्याङ्कन गरी विद्यार्थीको अभिभावकलाई प्रअमार्फत जानकारी गराई प्राप्त पृष्ठपोषण अनुसार रेमेडियल सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।

परिच्छेद- ४ विविध

७. प्रोत्साहनभत्तारअन्यसेवासुविधाः

(१) आधारभूत तहको शिक्षण सिकाइ उत्प्रेरक (Teaching Learning Motivator-TLM)को सहजीकरणको लागि प्रोत्साहन भत्ता मासिक रु.१५,०००।०० र सोही वरावरको चाडपर्व खर्च तथा रु १०,०००।००को पोशाक खर्च पाउने छ ।

(२) माध्यमिक तहको शिक्षण सिकाइ उत्प्रेरक(Teaching Learning Motivator-TLM)को सहजीकरणको लागि प्रोत्साहन भत्ता मासिक रु.१८,०००।०० र सोही वरावरको चाडपर्व खर्च तथा रु १०,०००।००को पोशाक खर्च पाउने छ ।

(३) माध्यमिक तह(कक्षा ११ र १२) शिक्षण सिकाइ उत्प्रेरक(Teaching Learning Motivator-TLM)को सहजीकरणको लागि प्रोत्साहन भत्ता मासिक रु.२१,०००।०० र सोही वरावरको चाडपर्व खर्च तथा रु १०,०००।००को पोशाक खर्च पाउने छ ।

(४) सार्वजनिका विदा नियमानुसारको हिउदे बर्षे विदा र भैपरी आउने पर्व विदाबाहेक अन्य कुनैकिसिमको विदा पाउने छैन ।विदा सहुलियत मात्र हो अधिकार होइन । नगरपालिकालाई आवश्यक परेमा शिक्षण सिकाइ सुधारसम्बन्धी कार्यगत अनुसन्धान तथा थप कार्य जिम्मेवारी दिई अन्य विदाका दिन पनि परिचालन गर्न सक्नेछ ।

८. उजरीतथागुनासोउपर छानविन हुनेः

(१)यस कार्यविधि तथा छनौटसम्बन्धी कार्य प्रचलित कानून प्रक्रिया र आचारसंहिता विपरीत भएको भनी प्रमाणसहित उजुरी ३० दिनभित्र परेमा सो सम्बन्धी उजुरि उपर छानविन गर्न देहायबमोजिमको ३ सदस्य उजुरी छानविन समितिले छनौटसम्बन्धी कार्य प्रक्रियासहितको कागजात र प्रमाणहरुसमेतको सत्यतथ्यसहितको सूक्ष्मअध्ययन गर्ने छ र आवश्यकता अनुसार नपाको कानूनी परामर्शकर्ताको कानूनी राय सल्लाह लिनसक्ने छ । सो छानविन समितिले शिक्षण सिकाइ उत्प्रेरक छनौट सम्बन्धी काम कारवाही र कार्यविधि प्रक्रिया विपरीत भएको ठहर सहितको प्रतिवेदन प्राप्त भएमा जुनसुकै बखत छनौटसम्बन्धी भए गरेको कार्य बदर हुनेछ ।

(अ) छानविनसमितिः

(क) न्यायिक समितिका संयोजक - अध्यक्ष

(ख)न्यायिक समितिका १जना सदस्य - सदस्य

(ग) नगरपालिकाले तोकेको कर्मचारी - सदस्यसचिव

कुनै प्रकारको उजुरी र दावी विरोध नभएमा ३५ दिन पछि छनौटसम्बन्धी भए गरेको कार्य सदर भएको मानिनेछ ।

९. बाधाअडकाउफुकाउनेअधिकारः

(१)यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा नगरकार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्नेछ र सो आदेश यसै कार्यविधिबमोजिम भएको मानिने छ ।

१०. बचाउरलागूनहुनेः

(१)यस कार्यविधिमा उल्लेख भएको बिषयमा यसै कार्यविधि बमोजिम भएको मानिने र यसमा उल्लेख नभएको अन्य विषयको हकमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(२)नेपालको संविधान,संघीय ऐन कानूनर प्रदेश ऐन कानूनसँगबाझिमा बाझिएको हदसम्म अमान्य र निस्क्रिय हुनेछ ।

(३) शिक्षण सिकाइ उत्प्रेरक व्यवस्थापन कार्यविधि २०७६ खारेज गरिएको छ ।

अनुसूची-१

१.आधारभूत तह

१.१.परीक्षा प्रणाली योजनाः

क.स.	परीक्षाको किसिम	पूर्णाङ्क	कैफियत
क	विषयगत लिखित परीक्षा	१००	
ख	व्यवहार कुशल सीप तथा कम्प्यूटर सीप परीक्षण	३०	
ग	अन्तर्वार्ता	२०	
	जम्मा	१५०	

क.लिखित परीक्षा-१०० पूर्णाङ्क   समयः३ घण्टा

उतीर्णाङ्क – ४०

विषयगत लिखित परीक्षाको योजनाः

क्रस	प्रश्नको ढाँचा	प्रश्न संख्या	अंकभार	कैफियत
१	संक्षिप्त उत्तारात्मक प्रश्न	१०	५०	
२	लामो उत्तारात्मक प्रश्न (समस्या समाधानमूलक)	५	५०	
	जम्मा	१५	१००	

लिखित परीक्षा उत्तीर्ण भएको उम्मेद्वारले मात्र व्यवहार कुशल सीप तथा कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता परीक्षामा सहभागी हुनेछन ।

ख. व्यवहार कुशल सीप तथा कम्प्यूटर सीप परीक्षणः ३० पूर्णाङ्क

ग. व्यवहार कुशल-१० अंक

कम्प्यूटर सीप परीक्षण- २० अंक

(१क) नेपाली विषयको लिखित परीक्षाको पाठ्यक्रम

सप्तकोशी नगरपालिका
TLM छनौटको लिखित परीक्षाको पाठ्यक्रम

निम्न माध्यमिक तह खुला प्रतियोगितात्मक विषयगत परीक्षाको पाठ्यक्रम– २०७७

विषयः नेपाली	पूर्णाङ्कः १००	समयः ३ घण्टा

खण्ड : क

एकाइ एक : भाषिक सिप शिक्षण

१.१ भाषिक सिप शिक्षण: परिचय र आवश्यकता
१.२ भाषिक सिपको आपसी सम्बन्ध तथा प्रयोगात्मक शिक्षण
१.३ सुनाइ र बोलाइको सम्बन्ध तथा प्रयोगात्मक शिक्षण योजना
१.४ पढाइ शिक्षणको परिचय, आवश्यकता, प्रकार, शिक्षण क्रियाकलाप, प्रयोग हुने शैक्षिक सामग्री, मूल्याङ्कन, पठन र बोध
१.५ लेखाइ शिक्षणको परिचय, आवश्यकता, लेखाइ शिक्षणका क्रियाकलाप, लेखन अभ्यास, प्रयोग हुने शैक्षिक सामग्री र मूल्याङ्कन

एकाइ दुई : विधा शिक्षण

२.१ भाषिक विधा शिक्षण: परिचय, किसिम र महत्व
२.२ पद्य विधा शिक्षण : परिचय, प्रयोजन, शैक्षिक सामग्री, शिक्षण क्रियाकलाप र मूल्याङ्कन
२.३ गद्य विधा (कथा, निबन्ध,जीवनी, रूपक, चिठी) शिक्षण : परिचय, प्रयोजन, शैक्षिक सामग्री, शिक्षण क्रियाकलाप र मूल्याङ्कन
२.४विधा र सिपको सम्बन्ध, भाषिक सिप विकासमा विधा शिक्षणको भूमिका, विभिन्न विधाका अभ्यास र शिक्षण
२.५विधाका पाठहरूको पठन तथा पठन संस्कृति विकासका आधार

एकाइ तीन : व्याकरण शिक्षण र नेपाली व्याकरण

३.१ कार्यमूलक व्याकरणको परिचय र प्रयोजन, व्याकरण शिक्षण विधि र आधारभूत तहमा व्याकरण शिक्षण सम्बन्धी क्रियाकलाप
३.२ भाषिक संरचना (वर्ण, अक्षर, शब्दवर्ग, शब्द व्युत्पादन र रूपायन, सङ्गति, वाक्य प्रकार, कारक र विभक्ति)
३.३ वाक्य परिवर्तन : पदकोटि (लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, अर्थ, वाक्य, वाच्य, ध्रुवीयता) का आधारमा वाक्य परिवर्तन, वाक्य संश्लेषण र विश्लेषण तथा तिनको शिक्षण कार्यकलाप
३.४ शब्दभण्डार र उखान टुक्का शिक्षणका कार्यकलाप
३.५ वर्णविन्यास तथा लेख्यचिह्नको परिचय, शिक्षण कार्यकलाप र शब्दकोशको प्रयोग

एकाइ चार : व्यावहारिक लेखन, सिर्जनात्मक लेखन र भाषिक सम्पादन शिक्षण

४.१ व्यावहारिक लेखन : चिठी, निमन्त्रणा पत्र र शुभकामना पत्र लेखन
४.२ सिर्जनात्मक लेखन : संवाद, वादविवाद, अनुच्छेद, निबन्ध, कथा लेखन)
४.३ बोध, बुँदा टिपोट र सारांश लेखन
४.४ सामान्य, प्रयोजनपरक र सिर्जनात्मक लेखनको परिचय र अभ्यास
४.५ भाषिक सम्पादन : भाषा सम्पादनको परिचय, आवश्यकता, वर्णविन्यास तथा लेख्यचिह्नको प्रयोग,

एकाइ पाँच : निम्न माध्यमिक तह को नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकको अध्ययन

५.१ भाषा पाठ्यक्रम निर्माणका सिद्धान्त तथा निर्माण प्रक्रिया
५.२ निम्न माध्यमिक तह नेपाली विषयको पाठ्यक्रमको अध्ययन र राष्ट्रिय पाठ्यकम प्रारुप-२०७६
५.३ भाषा पाठ्यपुस्तकको परिचय, असल पाठ्यपुस्तकका गुण र पाठ्यपुस्तकको प्रभावकारी प्रयोग गर्ने तरिका
५.४ निम्न माध्यमिक तह को नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको तुलनात्मक अध्ययन
५.५ शिक्षणका लागि सहयोगी सामग्री : पाठ्यक्रम दिग्दर्शन, शिक्षक निर्देशिका, मूल्याङ्कन निर्देशिका, स्रोत सामग्री, सन्दर्भ सामग्री

खण्ड : ख

एकाइ छ: भाषा विज्ञान र नेपाली भाषा

६.१ भाषाको परिचय, विशेषता, भाषिक भेदहरू र नेपालमा बोलिने भाषा परिवारको परिचय
६.२ नेपाली स्वर र व्यञ्जन वर्णहरूको पहिचान, वर्गीकरण र व्याख्या
६.३ अक्षरको परिचय, अक्षर संरचना र अक्षर छुट्याउने आधारहरू
६.४ नेपाली भाषाको उत्पत्ति र विकास (प्राचीन, मध्यकालीन र आधुनिक नेपाली भाषा)
६.५ नेपाली भाषाको स्तरीकरणका लागि भएका प्रयासहरू

एकाइ सात : पहिलो र दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षण

७.१ भाषा शिक्षणको परिचय तथा भाषा शिक्षणका आधारभूत सिद्धान्तहरू
७.२ नेपाली भाषा शिक्षणको आवश्यकता, पहिलो र दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षण, विषय र माध्यमका रूपमा नेपाली भाषाको उपयोग
७.३ नेपाली भाषा शिक्षणमा भाषिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक र सिकाइ पक्षको व्यवस्थापन
७.४ नेपाली भाषा शिक्षणमा प्रविधिको प्रयोग
७.५ नेपाली भाषा शिक्षणका समस्या र समाधानका उपायहरू

एकाइ आठ : साहित्य शास्त्र र विधा सिद्धान्त

८.१ साहित्यको परिभाषा, हेतु र प्रयोजन
८.२ शब्दशक्ति, रस र अलङ्कारको परिचय र प्रकार
८.३ छन्दको परिचय र प्रकार (वार्णिक, मात्रिक, लोकछन्द र मुक्त लय)
८.४ पद्य र गद्य विधाको परिचय, महत्व र समसामयिक प्रवृत्तिहरू
८.५ नेपाली बाल साहित्यको परिचय र बाल साहित्यका विशेषताहरू

एकाइ नौ : भाषा शिक्षणमा योजना र अनुसन्धान

९.१ शैक्षणिक योजना (वार्षिक योजना, एकाइ योजना, पाठ योजना) को निर्माण र प्रयोग
९.२ नेपाली भाषा शिक्षणमा विविधताको व्यवस्थापन र उपचारात्मक शिक्षण
९.३ शिक्षण सिकाइका आधारभूत सिद्धान्त र सिकाइ सहजीकरण प्रक्रिया (मनोवादी सिद्धान्त र व्यवहारवादी सिद्धान्त)
९.४सिकाइ प्रक्रिया र शिक्षकको भूमिका तथा भाषा शिक्षणमा ज्ञानको निर्माण र पुनर्निर्माण
९.५नेपाली भाषा शिक्षणमा अनुसन्धानको प्रयोग, अनुसन्धान प्रस्ताव तथा अनुसन्धान प्रतिवेदन लेखन

एकाइ दश : भाषिक मूल्याङ्कन

१०.१ भाषिक मूल्याङ्कनको परिचय, प्रयोजन र भाषिक मूल्याङ्कनका सिद्धान्त
१०.२ भाषिक मूल्याङ्कनका तरिका तथा मूल्याङ्नका साधनहरू
१०.३ निरन्तर मूल्याङ्कन प्रणाली र अक्षराङ्कन पद्धति
१०.४ विशिष्टीकरण तालिका शिक्षक निर्मित तथा स्तरीकृत परीक्षा
१०.५ उत्तरपुस्तिका परीक्षणका विधि/ प्रविधिहरू

विशिष्टीकरण तालिका

विषयः नेपाली **तहः निम्न माध्यमिक**

एकाइ	विषय क्षेत्र	प्रश्न सङ्ख्या	अङ्कभार
एक	भाषिक सिप शिक्षण	१	१०
दुई	विधा शिक्षण	१	१०
तीन	व्याकरण शिक्षण र नेपाली व्याकरण	१	१०
चार	व्यावहारिक लेखन, सिर्जनात्मक लेखन र भाषिक सम्पादन शिक्षण	१	१०
पाँच	निम्न माध्यमिक तह को नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकको अध्ययन	१	१०
छ	भाषा विज्ञान र नेपाली भाषा	१	१०
सात	पहिलो र दोस्रो भाषाका रूपमा नेपाली भाषाको शिक्षण	१	१०
आठ	साहित्य शास्त्र र विधा सिद्धान्त	१	१०
नौ	भाषा शिक्षणमा योजना र अनुसन्धान	१	१०
दश	भाषिक मूल्याङ्कन	१	१०
	जम्मा	१०	१००

द्रष्टव्य

१ पाठ्यक्रभ खण्ड क र खण्ड ख गरी दुई खण्डभा विभाजन गरिएको छ।
२ सामान्यतया खण्ड क बाट सोधिने प्रश्नहरु शिक्षण विधिसँग सम्बन्धित हुनेछ।
३ खण्ड ख बाट सोधिने प्रश्नहरु संज्ञानात्मकक तहका हुनेछन्।
४ प्रत्येक खण्डको लागि अलग अलग उत्तरपुस्तिका प्रयोग गरिनेछ
५ यो पाठ्यक्रम २०७७।०२।३० गतेदेखि लागू हुनेछ ।

(१ख) अंग्रेजी विषयको लिखित परीक्षाको पाठ्यक्रम

Saptakoshi municipality
Curriculum of TLM selection exam

Lower Secondary Level Curriculum of Subjective Exam -2077

Subject: English **Full Marks: 100** **Time: 3 Hrs**

Section: A

Unit 1: Language Teaching Approaches, Methods and Strategies

1.1. Historical approaches
1.2. Communicative approaches
1.3. Task-based language teaching
1.4 Context based language teaching, content and language integrated learning
1.5. Different methods and their applications in language teaching

Unit 2: Teaching Language Functions and Skills

2.1. Basic communicative functions in English
2.2. Language functions and structure (strategies, issues and challenges)
2.3. Teaching pronunciation, grammar and vocabulary
2.4. Teaching receptive skills (listening and reading)
2.5. Teaching productive skills (speaking and written)

Unit 3: ICT in English Language Teaching (ELT)

3.1. Concept, importance and implication
3.2. Modes and source of materials
3.3. Searching, designing **add** organizing materials
3.4. Basic skills of ICT for English language teacher
3.5. Opportunity and challenge in managing ICT in ELT classroom.

Unit 4: English Language Teacher Professional Development

5.1. Defining teacher professional development and teacher competencies
5.2. Skills of language games and motivation in English language teaching
5.3. Constructing, designing and using materials for English language teaching
5.4. Action research and writing reports
5.5. Opportunity to enhance continuous professional development (CPD)

Unit 5: Overview of English Language Curriculum of Lower Secondary Level

5.1. English Curriculum, Textbooks and Teachers guide of grade 6 -8
5.2. Use of supplementary materials (dictionary, grammar books, news papers, chants)
5.3. Assessment schemes in English language learning, specification grid and designing good tests
5.4. Error analysis and correction of error
5.5. Soft skill incorporated in English Curriculum

Section: **B**

Unit 6: Basics of Grammar

6.1 Major word class: Noun, Verb, Adjective and Adverb
6.2 Minor Word Class. Preposition, conjunction, articles, interjection and determiners
6.3 Tense, aspect, voice and mood
6.4 Sentences and transformation
6.5 Reported speech

Unit 7: Reading and Writing in English

7.1. Reading for comprehension and reading habit
7.2. Essentials in reading and writing process
7.3. Writing stories and essays
7.4. Writing letters and emails

Unit 8: Language and Linguistics

8.1. Definition, characteristics and varieties of language
8.2. Approaches of language
8.3. English Sound system and comparison between Nepali and English sound system
8.4. Basic concept of linguistics
8.5. Pedagogical implications of linguistics

Unit 9: Literature in English Language Teaching (ELT) Classroom

9.1. Historical Survey of English literature
9.2. Engaging students in literature
9.3. Reading strategies for literature
9.4. Classification of literary genres
9.5. The language of literature

Unit 10: English Language Classroom Management, Issues and Challenges

10.1. Multilingualism and diversity management in ELT classroom
10.2. Subject committee and implication in improving ELT.
10.3. Creating motivation in English language classroom
10.4. Lesson Planning and time management
10.5. Teaching English in diverse circumstances

Specification Grid

Subject: English **Level: Lower Secondary**

Units	Contents	Questions	Marks
	Section A		
1	Language Teaching Approaches, Methods and Strategies	1	10
2	Teaching Language Functions and Skills	1	10
3	ICT in English Language Teaching	1	10
4	English Language Teacher Professional Development	1	10
5	Overview of English Language Curriculum of Lower Secondary Level	1	10
	Section B		
6	Basics of Grammar	1	10
7	Reading and Writing in English	1	10
8	Language and Linguistics	1	10
9	Literature in ELT Classroom	1	10
10	English Language Classroom Management, Issues and Challenges	1	10
	Total	**10**	**100**

Notes:

1. This curriculum is divided into sections A & Section B.
2. Generally from section A, questions will be asked related to pedagogy.
3. From section B questions will be asked covering cognitive level.
4. Separate answer sheets will be used for each section.
5. This curriculum will be effective from 2077/02 / 30

(१ग) गणित विषयको लिखित परीक्षाको पाठ्यक्रम

सप्तकोशी नगरपालिका
TLM छनौटको लिखित परीक्षाको पाठ्यक्रम

निम्न माध्यमिक तह शिक्षकको खुला प्रतियोगितात्मक विषयगत परीक्षाको पाठ्यक्रम-२०७७

विषयः गणित पूर्णाङ्कः १०० समयः १००

Section A

Unit One: Mathematics Instructional Pedagogy

1.1. Analytical study of basic level (grade 6-8) mathematics curriculum
1.2. Use of learning theories in mathematics teaching (Piaget's theory, Bruner's theory, Robert Gagne's theory)
1.3. Instructional materials and teaching methods for teaching basic level (grade 6-8) mathematics
1.4. Instructional planning and classroom management
1.5. Student assessment

Unit Two: Teaching Arithmetic and Mensuration

2.1. Real numbers, fraction, decimal and percentage
2.2. Ratio and proportion
2.3. Profit and loss, unitary method and simple interest
2.4. Perimeter and area of plane figures (triangles, quadrilaterals and circles)
2.5. Introduction of face, edge and vertex of solid objects, volume of cube and cuboids, cylinder and cone

Unit Three: Teaching Algebra

3.1. Introduction and classification of algebraic expression and polynomials, addition, subtraction, multiplication and division of algebraic expression
3.2. Factorization, highest common factor, lowest common multiples and indices
3.3. Simplification of rational algebraic expressions
3.4. Solution of equations in one variable, solution of inequalities in one variable and solutions of simultaneous equations in two variables by graphical method
3.5 Introduction to quadratic equations and solution of quadratic equations by factorization method

Unit Four:Teaching Geometry

4.1. Lines and angles (intersecting lines, parallel lines, perpendicular lines, construction of parallel and perpendicular lines, classification and construction of angles,different pairs of angles with experimental verification of their relationship)
4.2.Triangles, quadrilaterals and polygons (classification and properties), construction of triangles, quadrilaterals (rectangle, square, parallelogram, rhombus, trapezoid)
4.3. Congruency and similarity of triangles
4.4. Coordinates in graph, Pythagoras theorem and distance between two points
4.5. Transformation (reflection, translation and rotation), symmetry and tessellation

Unit Five: Teaching Set and Statistics

5.1. Introduction of sets, types of sets and subsets
5.2. Set operations
5.3. Words problems using venn diagram
5.4. Frequency distribution and graphical representation (bar graphs, line graphs and pi chart) of data
5.5. Mean, median, mode and range.

Section B

Unit Six: Number system, Logics and Linear Programming

6.1. Characteristics of different numeration systems and bases other than ten (binary, quinary, octal and hexadecimal), real and complex number system.
6.2. Symbolic logic (∨, ∧, -, truth table, basic laws)
6.3. Counting system: Permutation and combination, sequence, series and principle of mathematical induction.
6.4. Linear programming: introduction, solution of linear programming problem (graphical method and simplex method)

Unit Seven: Algebra and Binomial Expansions

7.1. Relations and functions, binary operation and group structure.
7.2. Matrix and its inverse, determinants and its properties.
7.3. System of linear equations and their solutions (matrix method, row equivalent method, Cramer's rule).
7.4. Quadratic equation (relation between roots and coefficients)
7.5. Binomial expansions

Unit Eight: Analytic Geometry

8.1. Distance between two points and section formula
8.2. Equation of straight lines and angle between two lines
8.3. Distance between a point and a line
8.4. Pairs of lines and angle between pairs of line
8.5. Conic sections (classification, general/standard equation and their parts)

Unit Nine: Euclidean and Transformation Geometry

9.1. Fundamentals of Euclidean geometry: History and development, fundamental properties of Euclidean geometry and axiomatic system
9.2. Euclid's fifth postulates and its substitute
9.3. Theorems on parallel lines, triangles, quadrilaterals and circles
9.4. Area and volume of plane and solid figure
9.5. Transformation Geometry: Isometric transformations (reflection, translation and rotation) and non-isometric transformations (enlargement and reduction)

Unit Ten: Statistics and Probability

10.1. Measures of central tendency: Arithmetic mean, weighted mean, combined mean, median and mode

10.2. Measures of dispersion: Range, inter-quartile range, mean deviation, standard deviation and coefficient of variation.

10.3. Measures of correlation and regression line.

10.4. Probability: Concept and laws of probability.

10.5.Random variable and probability distributions (binomial distribution and poisson distribution)

Specification Grid

Subject: Mathematics **Level: Lower Secondary**

Unit	Contents	Questions	Marks
	Section A		
One	Mathematics Instructional Pedagogy	1	10
Two	Teaching Arithmetic and Mensuration	1	10
Three	Teaching Algebra	1	10
Four	Teaching Geometry	1	10
Five	Teaching Set and Statistics	1	10
	Section B		
Six	Number system, Logics and Linear Programming	1	10
Seven	Algebra and Binomial Expansions	1	10
Eight	Analytic Geometry	1	10
Nine	Euclidean and Transformation Geometry	1	10
Ten	Statistics and Probability	1	10
	Total	10	**100**

Notes:

1. This curriculum is divided into sections A & Section B.
2. Generally from section A, questions will be asked related to pedagogy.
3. From section B questions will be asked covering cognitive level.
4. Separate answer sheets will be used for each section.
5. This curriculum will be effective from 2077/02 / 29

(१घ) विज्ञान विषयको लिखित परीक्षाको पाठ्यक्रम

Saptakoshi municipality
Curriculum of TLM selection exam

Lower Secondary Level Curriculum of Subjective Examination- 2077

Subject: Science **Full Marks: 100** **Time: 3 Hrs**

Section A

Unit One: Teaching Mechanics and Heat

1.1 System of Measurement: Measurement, SI unit, relation between FPS, CGS and MKS system of measurement, scalar and vector quantities, fundamental and derived units, local and standard measurement, measurement of solid and liquid

1.2 Force, Rest and Motion: Force and motion, uniform and non- uniform motion, distance and displacement, speed, velocity, acceleration and retardation, equations, inertia, Newton's laws of motion, Newton's laws of gravitation, force and momentum and circular motion

1.3 Heat: Introduction, temperature and pressure, thermometer and units, specific heat capacity, transmission and absorption, relation between Celsius and Fahrenheit

1.4 Pressure: Pressure and its measurement, atmospheric pressure and pressure in a fluid, density of a body and relative density, solution of numerical problem and application of pressure in daily life

1.5 Energy, Power and Work: Kinetic and potential energy, power and work, transformation of energy, alternative energy sources, energy conservation, numerical problem, simple machine, mechanical advantage, efficiency and velocity ratio of simple machines

Unit Two: Teaching Wave, Electricity and Magnetism

2.1 Wave: Simple harmonic motion of simple pendulum, oscillation and waves characteristics of wave motion, light and sound as a wave.

2.2 Light: Nature, properties and propagation of light, luminous and non luminous body, laws of reflection, law of refraction, critical angle and total internal reflection, concave and convex lens, real and virtual image, magnification, defects of vision and correction

2.3 Sound: Nature, source, properties and medium propagation, amplitude, frequency, wavelength, velocity, relation $V=f\lambda$, reflection of sound with some practical applications, ultra sound, musical sound and noise

2.4: Current Electricity and Magnetism: Electric circuit, static electricity and current electricity, dry cell, series and parallel combination of cells, e. m. f., potential difference, heating effect of current, Faradays laws of electromagnetic induction, dynamo, generator and transformer, magnetic effect of current

2.5 Magnetism: Properties, magnetic material, natural and artificial magnet, methods of preparation of

magnets, magnetic induction, molecular theory of magnetism, electromagnet, magnetic field and magnetic lines of forces, dip and dip circle

Unit Three: Teaching Earth and Space

3.1 Earth : External and internal structure, time scale and evolution of life, earth quake

3.2 Universe: Origin of Solar system, constellation, eclipse, phases of moon, satellites, meteors, meteorites, comets galaxies, astronomical instruments, big bang theory, tidal hypothesis, Nebular hypothesis

3.3 Soil, Rocks and Mountain: Soil profile, soil formation, soil erosion, rocks, formation of mountain

3.4 Weather and Climate: Factors affecting weather, water cycle, weather forecast, climate, factors affecting climate, climatic condition of Nepal and monsoon

Unit Four: Teaching Classification of Living Beings

4.1 Classification of Plants and Animals: Differences between plant and animal, monocotyledon and dicotyledonous plants, gymnosperm and angiosperm, characteristics of cryptogams and phanerogams, algae (*spirogyra*), fungi (m*ucor*), bryophyta (*marchantia*), pteridophyta (*pteridium*), characteristics of protozoa, porifera, coelenterata, platyhelminthes, aschelminthes, annelida, arthropoda, mollusca, echinodermata, chordata

4.2 Microscopic Organisms: Bacteria and virus, common diseases caused by them with preventive measures.

4.3 Modification and Adaptation: Modification of different parts of plant, plant adaptation (aquatic, grassland, tropical :ain forest and desert)

4.4 Cell Biology: Structure of plant and animal cells, cell types, cell organelles, plant tissue (meristematic) and animal tissue (epithelial), and cell division

4.5 Life Process: Respiration in plants and animals, reproduction (asexual and sexual), pollination and fertilization in plants. introduction to human systems (digestion, respiration, circulation, excretion, reproduction and nervous) structure of flower and life cycle (mustard plant, mosquito and silk worm)

Unit Five: Overview of Lower Secondary Level Science Curriculum

5.1. Curriculum and Textbook: Comparative study of science curriculum, textbooks and teachers guide of grade 6 -8 .

5.2. Teaching Materials: Development and use of teaching and supplementary materials in science teaching

5.3. Evaluation and Testing: Testing and evaluation in science teaching and specification grid.

5.4. Assessment: Continuous assessment system, grading system in student assessment

5.5. Teaching Learning Science: Science process skills, scientific method, approaches of teaching science, science laboratory and safety measures

Section B

Unit Six: Basics of Physical Chemistry

6.1 **Matter and Mixture:** State, properties and classification of matter and mixture, process of separation of mixture, solution, concentration of solution in terms of normality and molarities

6.2 **Physical, Chemical Process and Bonding:** Physical and chemical change, process involved in chemical change, hardness of water, methods of removing hardness of water, properties of gas, Boyle's law, Charles's law, kinetic molecular theory of gas, Dalton's law of partial pressure. properties of solids, bond (ionic,

covalent, co-ordinate covalent, metallic, hydrogen), Vander Wall's force, ionic and covalent compounds.

6.3 Acids, Bases and Salts: Properties of acid, base and salt, mineral acids (HCl, HNO_3 and H_2SO_4) acid base indicators, pH scale, pH and pOH of solution, selection of acid base indicators using titration curve

6.4 Atomic Structure: Discovery and properties of fundamental particles of atom Bohr's model of atom, electronic theory of valence, octet rule, Aufbau principle, periodic table, electronic configuration of atom and ions, periodic law, classification of elements on the basis of electronic configuration,

6.5 Energetic and Electrochemistry: First and second law of thermodynamics, entropy and enthalpy, internal energy, electrolysis and electroplating, electrolytes

Unit Seven: Thermodynamics

7.1 Heat and Temperature: Molecular concept of thermal energy, heat, temperature and thermal equilibrium

7.2 Thermal expansion: Linear, superficial, cubical expansion and define their corresponding coefficients with physical meaning,

7.3 Quantity of Heat: Heat capacity, specific heat capacity, Newton' law of cooling and latent heat

7.4 First law of thermodynamics: State and explain first law with limitation, thermodynamic

process, reversible and irreversible process

7.5 Second Law of Thermodynamics: State and explain second second law of thermodynamics , compare second and first law and heat engine

Unit Eight: Basics of Inorganic and Organic Chemistry

8.1 Metallurgy: Metal, non metal, metalloid, alloys, mineral and ores, extraction, properties and uses of Fe, Cu and Zn.

8.2 Some Inorganic Compounds: Laboratory preparation, properties and uses of gases (oxygen, hydrogen, nitrogen), allotropes of carbon, sulphur and phosphorus, chemistry of some important compounds (green vitriol, blue vitriol and white vitriol, horn silver, sodium carbonate, iodine)

8.3 Basics of Organic Chemistry: Hybridization (involving s and p orbitals), tetra covalency and catenation property of carbon, Preparation and properties of aliphatic hydrocarbons

8.4. Fundamental Principles: IUPAC name of the organic compounds, isomerism (concept and type)

8.5 Important Industrial Materials: Soaps and detergents (manufacture, cleansing action and effect), chemical fertilizers (simple and mixed), pesticides, polymerization, preparation and uses of polythene, PVC and Bakelite

Unit Nine: Microbiology and Genetics:

9.1 Bacteria (structure, mode of nutrition and growth), coronavirus (COVID-19)

9.2 Structure of DNA and RNA

9.3 DNA replication and genetic codes

9.4 Linkage: Concept, type and sex-linked inheritance

9.5 Mutation: Concept, type and importance

Unit Ten: Environmental Science

10.1 Ecology and Ecosystem: Introduction to ecology and ecosystem, components and types, food chain, food web and ecological pyramid

10.2 Natural Resources and Environmental Balance: Natural resources, common medicinal plants of Nepal and their uses, environmental degradation, role of human in environmental balance.

10.3 Biogeochemical Cycle: Biogeochemical cycles (carbon, water, nitrogen)

10.4 Pollution and Environment: Causes, effects and control of water, air and soil pollution, solid waste and its management, green house effect, acid rain and ozone layer depletion

10.5 Biodiversity and Sustainable Development: Biodiversity of Nepal, factors responsible for biodiversity degradation, sustainable development (goals, policy and programmes in Nepal)

Specification Grid

Subject: Science **Level: Lower Secondary**

Units	Content area	Question	Mark
	Section :A		
1	Teaching Mechanics and Heat	1	10
2	Teaching Wave, Electricity and Magnetism	1	10
3	Teaching Earth and Space	1	10
4	Classification of Living Beings	1	10
5	Overview of Lower Secondary Level Science Curriculum	1	10
	Section:B		
6	Basics of Physical Chemistry		10
7	Thermodynamics		10
8	Basics of Inorganic and Organic Chemistry		10
9	Microbiology and Genetics		10
10	Environmental Science		10
	Total	10	100

Notes:

1. This curriculum is divided into sections A & Section B.
2. Generally from section A, questions will be asked related to pedagogy.
3. From section B questions will be asked covering cognitive level.
4. Separate answer sheets will be used for each section.
5. The medium of the language in written test will be either Nepali or English or both.
6. This curriculum will be effective from 207/03/ 03.

(१ङ) सामाजिक विषयको लिखित परीक्षाको पाठ्यक्रम

सप्तकोशी नगरपालिका

TLM छनौटको लिखित परीक्षाको पाठ्यक्रम

निम्न माध्यमिक तह खुला प्रतियोगितात्मक विषयगत परीक्षाको पाठ्यक्रम -२०७७

विषयः सामाजिक अध्ययन पूर्णाङ्क : १०० समयः ३ घण्टा

खण्डः क

एकाइ एक : सामाजिक अध्ययनको स्वरुप

१.१ **सामाजिक अध्ययन**:: परिचय, उद्देश्य, क्षेत्र र महत्व,
१.२ सामाजिक अध्ययनको उत्पत्ति र नेपालमा सामाजिक अध्ययनको विकासक्रम
१.३ सामाजिक अध्ययन, सामाजिक विज्ञान, र सामाजिक शिक्षामा भिन्नता
१.४ बहुविधाको रुपमा सामाजिक अध्ययन र अन्य विषयहरुसँगको सम्बन्ध
१.५ सामाजिक अध्ययन विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन

एकाइ दुई : हाम्रो समाज, सामाजिक मूल्य र मान्यता

२.१ मानव तथा समाजको उत्पति र विकास
२.२ हाम्रा सांस्कृतिक तथा धार्मिक सम्पदा, चाडपर्व, राष्ट्रिय गौरव, संस्कार र परम्परा
२.३ सामाजिक समस्या, प्रभाव र समाधानका उपाय, द्वन्द्व र द्वन्द्व व्यवस्थापन
२.४राष्ट्रियता, राष्ट्रिय अखण्डता, राष्ट्रिय सम्पदा र राष्ट्रिय विभुतिहरु
२.५ सामाजिक विविधता, सामाजिक सद्भाव र सहिष्णुता

एकाइ तीन : नागरिक सचेतना र संविधान

३.१ नागरिक अधिकार र कर्तव्य, नागरिक सचेतना र नागरिक समाज
३.२ नेपालको संविधानका परिचय, विशेषताहरु, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति
३.३ व्यवस्थापिका, कार्यपालिका र न्यायपलिका गठन प्रक्रिया, कार्यहरु र अन्तरसम्बन्ध
३.४ नेपालको निर्वाचन प्रणाली, संघ, प्रदेश र स्थानीय सरकारको गठन, काम, कर्तव्य र अधिकार
३.५ मानव अधिकार, महिला अधिकार, बाल अधिकार, समावेशीकरण र समतामूलक समाज

एकाइ चारः हाम्रो भूगोल र हावापानी

४.१ पृथ्वीको परिचय, उत्पति र विकास, बनावट र संरचना
४.२ नेपालको भौगोलिक परिचय, स्वरूप, नदी, प्राकृतिक विविधता र सामाजिक जनजीवन
४.३ एशिया महादेशको भौगोलिक, तथा पर्यावरणीय अवस्था
४.४ प्राकृतिक प्रकोप (भुकम्प, बाढी, पहिरो, ज्वालामुखी र चट्याङ)
४.५ हावापानी र जलवायु परिवर्तन

एकाइ पाँचः नेपालको इतिहास र अन्तराष्ट्रिय सम्बन्ध

५.१ आधुनिक नेपालको एकीकरण देखि राणाकालको अन्त्यसम्मको राजनीतिक अवस्था

५.२ वि.सं.२००७ देखि हालसम्मको प्रमुख राजनीतिक, सामाजिक र आर्थिक अवस्था

५.३ नेपाल र विश्वका समसामयिक घटना (सामाजिक, आर्थिक, शिक्षा, विज्ञान तथा प्रविधि, खेलकूद, राजनीतिक) र प्रभाव

५.४ भूपरिवेष्ठित देशको परिचय, अधिकार क्षेत्र र समस्या

५.५ सार्क राष्ट्रहरूको परिचय, संयुक्त राष्ट्र संघ र नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध

खण्ड ख

एकाइ छः आर्थिक गतिविधि र जनसंख्या

६.१ नेपालको अर्थतन्त्रमा कृषि, उद्योग, व्यापार,पर्यटन र जलविद्युतको प्रभाव र अन्तरसम्बन्ध

६.२ प्राकृतिक स्रोतको संरक्षण र उपयोग, दिगो विकासको अवधारणा, चुनौती र सम्भावना

६.३ नेपालमा रोजगारीको अवस्था, वैदेशिक रोजगार समस्या र समाधान उपायहरु

६.४ जनसङ्ख्या शिक्षाको परिचय, महत्व, क्षेत्र र विकासक्रम एवम् नेपालको जनसाङ्ख्यिक स्थिति, बनोट र वितरण

६.५ जनसङ्ख्या वृद्धिका कारण, असर र व्यवस्थापन, सहरीकरणका अवसर र चुनौतीहरु

एकाइ सातः सामाजिक र साँस्कृतिक वातावरण

७.१ समाज र संस्कृतिको अर्थ, महत्व र सम्बन्ध

७.२ सामाजिक एवं साँस्कृतिक परिवर्तनका कारणहरु (आन्तरिक र बाह्य)

७.३ सामाजिक र सास्कृतिक परिवर्तनका विशेषता र अन्तरसम्बन्ध

७.४ सामाजिक पहिचान र विविधता व्यवस्थापन

७.५ नेपालको साँस्कृतिक वातावरणको विश्लेषणात्मक अध्ययन

एकाइ आठः सामाजिक अध्ययनसँग सम्बन्धित विषय वस्तु

८.१ सामाजिक अध्ययनका मूल्यहरु

८.२ सामाजिक अध्ययनमा समसामयिक घटनासँग सम्बन्धित विषयवस्तु

८.३ सामाजिक अध्ययनका पाठ्यक्रमको एकीकरण सम्बन्धी विषय

८.४ सामाजिक अध्ययन र सामाजिक अध्ययन शिक्षणमा प्रविधिको प्रयोग र महत्व

८.५ सामाजिक अध्ययन विषय शिक्षण सम्बन्धी समस्या र समाधानका उपाय

एकाइ नौं: सामाजिक अध्ययन शिक्षण योजना र सीप

९.१ सामाजिक अध्ययन शिक्षण योजना: परिचय, महत्व, वार्षिक शैक्षणिक योजना, इकाइ योजना र पाठ योजना

९.२ सामाजिक अध्ययन शिक्षणमा प्रयोग हुने महत्वपूर्ण विधि: व्याख्यान, छलफल, प्रश्नोत्तर, आगमन, निगमन, अन्वेषण, समस्या समाधान, प्रदर्शन, अवलोकन, कथाकथन र क्षेत्रभ्रमण,

९.३ सामाजिक अध्ययनमा सूचना तथा सञ्चार प्रविधि र सामाजिक सञ्जालको परिचय, महत्व र प्रयोग

९.४ सामाजिक अध्ययनका सीपको परिचय, प्रकार: (अध्ययन सीप, बौद्धिक सीप, सामाजिक सीप, सञ्चार सीप)

९.५ सामाजिक अध्ययनका प्रयोगात्मक सीपको प्रयोग: नक्सा, ग्लोव, समयरेखा, कालक्रम/वंश तालिका र चार्ट

एकाइ दश: सामाजिक अध्ययनमा मूल्याङ्कन

१०.१ सामाजिक अध्ययन विषयमा मूल्याङ्कनको परिचय, प्रकार, उद्देश्य र महत्व

१०.२ परीक्षा बाहेक मूल्याङ्कनका साधनहरूको परिचय, उद्देश्य र महत्व

१०.३ कार्य सञ्चयिका र अक्षराङ्कन पद्धतिको परिचय र प्रयोग

१०.४ सामाजिक अध्ययनमा समाजमिति र सहभागीतामूलक मूल्याङ्कन,

१०.५ विशिष्टीकरण तालिका, प्रश्नपत्र र उत्तरकुञ्जिकाको महत्व, निर्माण, र प्रयोग

विशिष्टीकरण तालिका

विषयः सामाजिक अध्ययन **तहः निम्न माध्यमिक**

एकाइ	विषय वस्तु	प्रश्न	अङ्क
	खण्ड क		
१	सामाजिक अध्ययनको स्वरुप	१	१०
२	हाम्रो समाज, सामाजिक मूल्य र मान्यता	१	१०
३	नागरिक सचेता र संविधान	१	१०
४	हाम्रो भूगोल र हावापानी	१	१०
५	नेपालको इतिहास र अन्तराष्ट्रिय सम्वन्ध	१	१०
	खण्ड ख		
६	आर्थिक गतिविधि र जनसंख्या	१	१०
७	सामाजिक र साँस्कृतिक वातावरण	१	१०
८	सामाजिक अध्ययनसँग सम्बन्धित विषय वस्तु	१	१०
९	सामाजिक अध्ययन शिक्षण र सीप	१	१०
१०	सामाजिक अध्ययनमा मूल्याङ्कन	१	१०
	जम्मा	१०	१००

द्रष्टव्य

१. पाठ्यक्रभ खण्ड क र खण्ड ख गरी दुई खण्डभा विभाजन गरिएको छ।

२. सामान्यतया खण्ड क बाट सोधिने प्रश्नहरु शिक्षण विधिसँग सम्बन्धित हुनेछ।

३. खण्ड ख बाट सोधिने प्रश्नहरु संज्ञानात्मकक तहका हुनेछन्।

४. प्रत्मेक खण्डको लागि अलग अलग उत्तरपुस्तिका प्रयोग गरिनेछ।

५. लिखित परीक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी वा दुवै हुनेछ ।

६. यो पाठ्यक्रम २०७७।०२।२८ गतेदेखि लागू हुनेछ ।

अनुसूची-२

२.माध्यमिक तह (कक्षा ९ देखि १२)

२.१परीक्षा प्रणाली योजनाः

क्र.स.	परीक्षाको किसिम	पूर्णाङ्क	कैफियत
क	विषयगत लिखित परीक्षा	१००	
ख	व्यवहार कुशल सीप तथा कम्प्यूटर सीप परीक्षण	३०	
ग	अन्तर्वार्ता	२०	
	जम्मा	१५०	

क.लिखित परीक्षा-१०० पूर्णाङ्क   समयः३ घण्टा

उतीर्णाङ्क – ४०

विषयगत लिखित परीक्षाको योजनाः

क्रस	प्रश्नको ढाँचा	प्रश्न संख्या	अंकभार	कैफियत
१	संक्षिप्त उत्तारात्मक प्रश्न	१०	५०	
२	लामो उत्तारात्मक प्रश्न (समस्या समाधानमूलक)	५	५०	
	जम्मा	१५	१००	

लिखित परीक्षा उत्तीर्ण भएको उम्मेद्वारले मात्र व्यवहार कुशल सीप तथा कम्प्यूटर सीप परीक्षण र अन्तर्वार्ता परीक्षामा सहभागी हुनेछन ।

ख. व्यवहार कुशल सीप तथा कम्प्यूटर सीप परीक्षणः ३० पूर्णाङ्क

ग. व्यवहार कुशल-१० अंक

कम्प्यूटर सीप परीक्षण- २० अंक